# संयुक्त राज्यको समान रोजगार अवसर समिति

# भेदभावको रोकथाम गर्नु राम्रो काम हो

**भेदभावको रोकथाम गर्नाले राम्रो व्यापारिक ज्ञानको विकास हुन्छ।** कानूनको पालना गर्नाले कर्मचारीहरूको उत्पादन क्षमता, धारणा, तथा नैतिक-स्तरमा वृद्धि हुन्छ र कानूनी खर्चहरू सीमित हुन्छ। अशक्त व्यक्तिहरूलाई काममा राख्नाले वा अशक्त व्यक्तिहरूको लागि तपाईंको व्यवसाय पहुँच योग्य बनाउनाले तपाईं कर लाभहरूको हकदार बन्न सक्नुहुन्छ! थप जानकारीको लागि http://www.eeoc.gov/eeoc/publications/adahandbook.cfm#appendixa मा हेर्नुहोस्।

***यस EEOC ले साना व्यवसायीहरूलाई मद्दत गर्न सक्छ!*** यो EEOC संघीय सरकारी संस्था हो, जसले जाति, वर्ण, धर्म, लिङ्ग, राष्ट्रियता, अशक्तता, उमेर तथा वंशाणुगत जानकारीको आधारमा रोजगारीमा गरिने भेदभावको विरूद्धमा संघीय कानून लागू गर्दछ। यी कानूनहरूले भेदभावको विरोध वा रिपोर्ट गर्नाले वा भेदभाव सम्बन्धी छानबिन वा अभियोगमा सम्मिलित हुँदा उत्पन्न हुने प्रतिकार (सजाय) हरूलाई पनि रोक्छन्।

## तपाईंका जिम्मेवारीहरू

- **रोजगारीका निर्णयहरू** जाति, वर्ण, धर्म, लिङ्ग, राष्ट्रियता, अशक्तता, उमेर, वा वंशाणुगत जानकारीको आधारमा लिइदैनन् भनेर **निश्चित गर्नुहोस्।**
- **कार्य नीति तथा अभ्यासहरू** कामसँग सम्बन्धित छन् तथा कुनै विशेष जाति, वर्ण, धर्म, लिङ्ग, राष्ट्रियता, अशक्तता वा उमेरका व्यक्तिहरूलाई अनुपातहिन रूपमा बहिष्कार गर्दैनन् भनेर निश्चित गर्नुहोस्।
- कर्मचारीहरूलाई जाति, वर्ण, धर्म, लिङ्ग, राष्ट्रियता, अशक्तता, उमेर, वा वंशाणुगत जानकारीको **कारण उत्पीडन नहुने निश्चित गर्नुहोस्।**
- तपाईंले कानूनी रूपमा तलब भिन्नतालाई प्रमाणित गर्न सक्नुहुन्न भने, **एउटै प्रकारको काम गर्ने पुरूष र महिला कर्मचारीहरूलाई समान तलब दिनुहोस्।**
- **भेदभाव सम्बन्धी गुनासोहरूको लागि तुरून्तै तथा पर्याप्त रूपमा प्रतिक्रिया दिनुहोस्।** उत्पीडन तथा भेदभावलाई रोक्नुहोस्, यसबारे आवाज उठाउनहोस्, र यसको रोकथाम गर्नुहोस्। गुनासो गरेको कारण कर्मचारीहरूलाई सजाय नहुने निश्चित गर्नुहोस्।
- यदि कानूनी रूपमा आवश्यक पर्छ भने **चिकित्सकीय वा धार्मिक कारणहरूका लागि आवास आवश्यक पर्ने आवेदकहरू र कर्मचारीहरूलाई** (कार्यालयमा सामान्यतया गरिने तरिकाहरूमा परिवर्तनहरू भएमा, जस्तै तालिका परिवर्तनका लागि अनुमति दिने जसकारण **कर्मचारीले चिकित्सकसँगको नियोजित भेटमा जान सक्छ** वा धार्मिक बिदामा रमाउन सक्छ) **उचित आवास प्रदान गर्नुहोस्।**
- संघीय रोजगार भेदभाव कानूनलाई व्याख्या गर्ने **पोस्टर प्रदर्शन गर्नुहोस्।** (http://www1.eeoc.gov/employers/poster.cfm गएर नि:शुल्क डाउनलोड गर्नुहोस्)।
- कानूनी रूपमा आवश्यक भए कर्मचारीको **कुनैपनि रेकर्डहरू** (जस्तै आवेदन वा व्यक्तिगत रेकर्डहरू) **राख्नुहोस्।**

संघीय, राष्ट्रिय वा स्थानीय कानून अन्तर्गत तपाईंका अतिरिक्त जिम्मेदारीहरू हुन सक्छन्।

## हामी तपाईंलाई यसरी मद्दत गर्न सक्छौं

- हामी आफूले लागू गरेका कानूनको बारेमा तपाईंका प्रश्नहरूको उत्तर दिन सक्छौं।
- **हामी तपाईंलाई** उत्पीडन, प्रतिकार, र अन्य गैरकानूनी भेदभावबाट आफ्नो बचाउमा मद्दत **गर्ने सुझावहरू प्रदान गर्न सक्छौं।**
- हामी तपाईं र तपाईंका कर्मचारीहरूलाई कार्यालय **अधिकार तथा जिम्मेदारीहरूको बारेमा प्रशिक्षण** दिन सक्छौं।
- हामी तपाईंलाई **मध्यस्थताद्वारा** भेदभाव सम्बन्धी EEOC शुल्कहरू (गुनासोहरू) समाधान गर्न मद्दत गर्न सक्छौं। EEOC मध्यस्थता तपाईंको रूपैयाँ र समयलाई बचत गर्ने नि:शुल्क, अनौपचारिक, गोपनीय प्रक्रिया हो जसले मतभेदहरूको समाधान गर्दछ।

## हामीलाई सम्पर्क गर्नुहोस्!

**देशभरिका EEOC कर्मचारीहरू तपाईंलाई मद्दत गर्नको लागि उपलब्ध छन्। प्रतीक्षा नगर्नुहोस; हामीलाई आजै सम्पर्क गर्नुहोस!**
यदि आवश्यक परेमा, नि:शुल्क भाषा सहयोग उपलब्ध छ।

- ***EEOC जानकारी वा प्रशिक्षणको आवश्यकता छ?***
तपाईंको स्थानीय EEOC साना व्यवसाय सम्पर्क (http://www.eeoc.gov/employers/contacts.cfm) मा सम्पर्क गर्नुहोस् वा हामीलाई 1-800-669-4000 (TTY: 1-800-669-6820) मा सम्पर्क गर्नुहोस्।

- ***हामीले लागू गरेका कानूनहरूको जानकारी चाहनुहुन्छ?***
हामीलाई (202) 663-4691 मा फोन गर्नुहोस् वा olc@eeoc.gov मा इमेल गर्नुहोस्।

- ***तपाईंको व्यवसायको विरुद्ध भेदभाव सम्बन्धी EEOC शुल्क बारेमा केही प्रश्नहरू छन्?***
तपाईंको शुल्कका लागि निर्धारण गरिएका EEOC जाँचकर्तालाई सम्पर्क गर्नुहोस्।

हामी तपाईंबाट प्रतिक्रियाको अपेक्षा गर्दछौं!

थप जानकारीको लागि, तपाईंको स्थानीय EEOC साना व्यवसाय सम्पर्क (http://www.eeoc.gov/employers/contacts.cfm) मा सम्पर्क गर्नुहोस्।